सिक्किमको एकमात्र १२ पृष्ठको रङ्गीन नेपाली/गोर्खा दैनिक
हिमालय दर्पण

मिस तमुस्यो २०२६, २२ नोभेम्बरमा

गुरुङ समुदायको सांस्कृतिक पहिचानलाई नयाँ पुस्तामा पुऱ्याउने लक्ष्य

गान्तोक, ९ अक्टोबर (निसं): गुरुङ जातिको मौलिक पहिचान, भाषा, साहित्य, कला, संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले हाम्रो मौलिकता, हाम्रो पहिचान'को आयोजनामा पहिलोपटक मिस तमुस्यो २०२६' आयोजना गरिने भएको छ। आगामी २२ नोभेम्बरमा राजधानी गान्तोकको रिज पार्कमा सम्पन्न हुने उक्त कार्यक्रमलाई गुरुङ समुदायको सांस्कृतिक पहिचानलाई नयाँ पुस्तासम्म पुर्यातउने महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ। यस सन्दर्भमा आज राजधानी गान्तोकस्थित एक होटलमा आयोजित बैठकले कार्यक्रमको तयारीलाई तीव्रता दिन आयोजक समिति गठन गर्नुका साथै प्रतियोगिताको स्वरूप, पुरस्कार राशि तथा अन्य सांस्कृतिक गतिविधिबारे विस्तृत जानकारी सार्वजनिक गरेको छ। सिक्किम राज्य ब्याङ्कका अध्यक्ष डीबी गुरुङको अध्यक्षतामा सम्पन्न बैठकमा कार्यक्रमलाई सफल बनाउन आवश्यक योजना तथा भावी कार्यदिशाबारे छलफल गरिएको थियो।

मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गदर्शनमा आयोजना हुन लागेको यस कार्यक्रमले गुरुङ समुदायको मौलिक भाषा, साहित्य, नृत्य, कला, परम्परागत खानपान तथा जीवनशैलीको संरक्षण र संवर्द्धनमा विशेष जोड दिने आयोजकले जनाएको छ।

मिस तमुस्यो २०२६' प्रतियोगितालाई आकर्षक बनाउन आयोजक समितिले विजेतासहित उत्कृष्ट प्रतिस्पर्धीहरूका लागि नगद पुरस्कारको घोषणा गरेको छ। विजेतालाई ५ लाख एकहजार ५१ उपविजेताई ३ लाख एकहजार ५१ तथा तेस्रो प्रतिस्पर्धीलाई २ लाख १ हजार ५१ रुपियाँ प्रदान गरिने छ। यस अतिरिक्त उत्कृष्ट सात गुरुङ सुन्दरीहरूलाई आकर्षक पुरस्कार प्रदान गरिनेछ। प्रतियोगितामार्फत गुरुङ समुदायको सांस्कृतिक पहिचान र मौलिकताबारे जनचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। यस कार्यक्रमको अर्को प्रमुख आकर्षण गुरुङ भाषा, साहित्य नृत्य तथा परम्परागत सांस्कृतिक विधासम्बन्धी कार्यशाला रहनेछ। कार्यशाला १५ दिनसम्म सञ्चालन हुनेछ। कार्यशालाअन्तर्गत गुरुङ भाषा, साहित्य, परम्परागत नृत्य, कौडा तथा खैंजडीजस्ता सांस्कृतिक विधालाई प्राथमिकता दिइनेछ। यसका लागि नेपालबाट विषयविज्ञहरू आमन्त्रण गर्ने तयारी गरिएको छ भने टुङ्ना र साहित्यसम्बन्धी प्रशिक्षण सिक्किमकै विषयविज्ञहरूले गराउनेछन्। मिस तमुस्यो २०२६ अन्तर्गत सिक्किमका छवटै जिल्लामा अडिसन राउण्ड सञ्चालन गर्ने तयारी गरिएको छ। छनोट भएका प्रतिस्पर्धीहरूलाई मुख्य प्रतियोगितामा सहभागी गराइनेछ। प्रतियोगिताले सुन्दरतासँगै प्रतिभा, सांस्कृतिक ज्ञान, मौलिक पहिचान र व्यक्तित्व विकासलाई समेत प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ। आयोजक समितिकी अध्यक्ष सरिता गुरुङले मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गदर्शनमा गुरुङ जातिको भाषा, संस्कृति, कला, परम्परा तथा पारम्परिक खानपानको संरक्षण र विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिइन्। उनका अनुसार राजधानीको रिज पार्कमा आयोजना हुने मुख्य कार्यक्रममा सिक्किमका विभिन्न समुदायका प्रतिनिधिहरूलाई पनि आमन्त्रण गरिनेछ। यसका साथै विश्वका विभिन्न स्थानमा बसोबास गर्दै आएका विशिष्ट गुरुङ व्यक्तित्वहरूलाई समेत निमन्त्रणा गर्ने तयारी भइरहेको छ।

जीटीए गोर्खाल्याण्डको बाधक ...

हुनेछ। यसैले अब दार्जीलिङ पहाड़का जनताले सम्पूर्ण लोभ, लालचलाई पर पन्साएर जाति र माटोको लागि अघि बढ्न आवश्यक छ, उनले भने, अहिले कुनै पार्टी र कुनै पार्टीको झण्डालाई माया गर्ने समय होइन, अब जातिलाई माया गर्ने समय आएको छ, अब हाम्रा भावी सन्तानको भविष्य सुनिश्चित गर्ने समय हो। अलग राज्य गोर्खाल्याण्डको लागि आफ्नो प्राणको आहुति दिने ती वीर गोर्खा योद्धाहरूलाई न्याय दिने समय आएको बताउदै उनले भने, यो समय ३६० करोड़ रुपियाँले गोर्खा जातिको भविष्य सुनिश्चित हुँदैन भन्ने हो, यसैले सम्पूर्ण गोर्खा जातिले अब बुझ्नुपर्छ अनि अलग राज्य गोर्खाल्याण्डको लागि अघि बढ्नुपर्छ। दार्जीलिङका सांसद राजु विष्टले जीटीएलाई मरिसकेको लाश हो भन्ने बताएका थिए अनि त्यो लाश रूँगेर बस्न चाहने सभासद्हरूले पनि आफ्नो छातीमा हात राखेर सोंच्ने समय आएको छ, राईले थपे। शुक्रवार पार्टीको एक प्रतिनिधि टोलीले जीटीएका ओएसडीसित भेट गरी एक ज्ञापनपत्र दिएको पार्टीका प्रवक्ता प्रदीप लोहागणले बताए। जीटीएको साटो अर्को व्यवस्था होस् र यसको समाधान अलग राज्यबाट हुनपर्छ भन्ने जनताको चाहना रहेकाले नै गोर्खाल्याण्ड संग्राम पार्टीले शुक्रवार लालकोठी घेराउ कार्यक्रमको आयोजना गरेको लोहागणले बताए।

भाजपासँग . . .

सिक्किममा भाजपाको राजनीतिक भूमिकाप्रति लक्षित थियो।

विधायक राईले भाजपा सिक्किमका अध्यक्ष डीआर थापाको अभिव्यक्तिमाथि पनि प्रश्न उठाइन्। भाजपाका योजनाका आधारमा सिक्किम सरकार चलिरहेको भन्ने दाबीप्रति असहमति जनाउँदै उनले ती योजनाहरू केन्द्र सरकारका रहेको र तिनमा सिक्किमको पनि पूर्ण अधिकार रहेको बताइन्। उनले गठबन्धनको कुरा गर्ने तर अर्कोतर्फ एसकेएम पार्टी र मुख्यमन्त्रीलाई नै आलोचना गर्ने भाजपाको दोहोरो व्यवहार रहेको आरोप लगाइन्। दार्जीलिङमा भाजपालाई नै मत दिएका कतिपय व्यक्तिले समेत आफूहरूलाई सतर्क गराइरहेको उनको भनाइ थियो।

विधायक राईले सांसद बिष्टलाई दार्जीलिङमा गरिएका प्रतिबद्धता पूरा गर्न र घोषणापत्रमा उल्लेख गरिएका विषय कार्यान्वयन गरेर देखाउन पनि आग्रह गरिन्। उनले भाजपासँग गठबन्धन गर्ने विषयमा पुनर्विचार गर्नुपर्ने संकेत गर्दै जानीजानी पार्टीलाई राजनीतिक जोखिममा पार्नु उचित नहुने धारणा राखिन्।

मुख्यमन्त्री . . .

सर्वोच्च प्राथमिकता रहेको उल्लेख गर्दै उनले प्रभावित परिवारहरूको पुनर्स्थापना तथा जनजीवनलाई सामान्य अवस्थामा फर्काउन सरकारले हरसम्भव सहयोग गर्ने बताए। यस कठिन समयमा रिम्बी गाउँका पैह्रो प्रभावित परिवारहरूलाई सहयोग गर्न अघि आएका सरकारी अधिकारी, गैरसरकारी संस्था, विभिन्न व्यक्ति तथा राजनीतिक दलका सदस्यहरूप्रति मुख्यमन्त्रीले आभार व्यक्त गरे। सबै पक्षबाट प्राप्त सहयोग, सहकार्य र ऐक्यबद्धताले मानवीयताको वास्तविक भावना प्रतिबिम्बित गरेको उल्लेख गर्दै उनले जनताको सुरक्षा, सम्मान र कल्याण सधैं सरकारको शासन व्यवस्थाको केन्द्रमा रहने बताए।

ADVT

₹१ डियर साप्ताहिक लटरीको करोड़का विजेता बने मुर्शिदावादका एक निवासी

पश्चिम बंगाल, मुर्शिदावादका निवासी समीरूल विश्वासले दिनांक 24.07.2026 मा ड्र भएको डियर साप्ताहिक लटरीको टिकट नम्बर **96G 43333** मा एक करोड़ रुपियाँको प्रथम पुरस्कार जितेका छन्। तिनले सिक्किम राज्य लटरीकहाँ पुरस्कारको मागको फारमसहित आफ्नो विजयी टिकट जमा गरेका छन्। विजेताले भने, डियर लटरी एवं सिक्किम राज्य लटरीले असंख्य विजेताहरू निर्माण गरिरहेको छ अनि डियर लटरीका अन्य विजेताहरू झैं म पनि मेरो भाग्य परीक्षा गर्नु पाएकोमा धेरै खुशी छु। मैले प्रथम पुरस्कारको रकम जितेको छु एवं न्यूनतम खर्चमा करोड़पति हुने यस प्रकारको अवसर दिएकोमा त्यसको श्रेय अवश्यै डियर लटरीलाई जान्छ। डियर लटरीको प्रत्येक खेला सोझै अनलाइन देखाइन्छ यसैले यसबाट यसको सत्यता प्रमाणित हुन्छ।

*विजेताको तथ्य सरकारी वेबसाइटबाट सङ्ग्रहित।

पंजाब नैशनल बैंक ...भरोसे का प्रतीक ! punjab national bank ...the name you can BANK upon !

सम्पत्ति रिकभरी मोनिटोरिङ शाखा, एन.जे.पी (सिलगढ़ी)
युनाइटेड ब्यांक बिल्डिङ, दोस्रो तल्ला, हिल कार्ट रोड, सिलगढ़ी–७३४००१
(ईमेल: cs8289@pnb.co.in, फोन नम्बर. ०३५३–२४३२६६४)

परिशिष्ट– IV –ए (ऐन ८(६) को प्रावधान हेर्नुहोस्)

अचल सम्पत्तिको बिक्रीको लागि बिक्री सूचना

सुरक्षा ब्याज (प्रवर्तन) नियम, २००२ को नियम ८(६) को प्रावधानसहित पढ़िएको सुरक्षा ब्याज ऐन २००२ को वित्तीय सम्पत्ति एवम् प्रवर्तनको सुरक्षा र पुनर्निर्माण अन्तर्गत अचल सम्पत्तिको बिक्रीको लागि ई–लिलामी बिक्री सूचना। यसद्वारा सर्वसाधारणलाई र विशेषगरी ऋणी (हरू) र ग्यारेण्टर (हरू) लाई सूचना दिइन्छ कि सुरक्षित ऋणदातालाई बन्धकी राखिएको/चार्ज गरिएको तल वर्णन गरिएको अचल सम्पत्ति, जसको रचनात्मक/भौतिक/प्रतीकात्मक कब्जा ब्यांक/सुरक्षित ऋणदाताको अधिकृत अधिकारीले लिएको छ, सम्बन्धित ऋणी (हरू) र ग्यारेण्टर (हरू) बाट ब्यांक/सुरक्षित ऋणदाताको बाँकी रहेको रकम असुल गर्न तल तालिकामा उल्लेख गरिएको मितिमा जस्तो छ जहाँ छ, जस्तो छ जे छ, र जे छ त्यही छ मा बिक्री गरिनेछ। सम्बन्धित सम्पत्तिहरूको विरुद्धमा रिजर्भ मूल्य र धरौटी रकम तलको तालिकामा उल्लेख गरिए अनुसार हुनेछ।

सुरक्षित सम्पत्तिको तालिका

लट नम्बर	क) शाखाको नाम ख) एकाउण्टको नाम ग) ऋणीको नाम र ठेगाना/ ग्यारेण्टरको एकाउण्ट	घ) बन्धकी राखिएको अचल सम्पत्तिको विवरण/ मालिकको नाम (बन्धकी सम्पत्ति(हरू))	ङ) सरफेसी ऐन २००२ को १३(२) अन्तर्गत माग सूचनाको मिति च) बकाया रकम छ) सरफेसी ऐन २००२ को १३(४) अन्तर्गत कब्जा मिति ज) कब्जाको प्रकृति	क) आरक्षित मूल्य ख) ईएमडी (ईएमडी बुझाउने अन्तिम मिति) ग) बोली वृद्धि रकम	**घ) ई–लिलामीको मिति/समय**	ङ) सुरक्षित ऋणदाताहरूलाई थाहा भएको भारको विवरण
१.	**क) गान्तोक (१४३०२०)** **ख) १. एम/एस टेम्पो रिजेन्सी (प्रोप्राइटर: सांगे तेन्जिङ नोर्बु)** ग) १. प्रोप्राइटर तथा बन्धकी: श्री सांगे तेन्जिङ नोर्बु पिता– स्वर्गीय टेम्पो ग्याम्त्सो। **ठेगाना:** ताथाङचेन ब्लक, वार्ड नं. ०६, गान्तोक, पूर्वी सिक्किम, पिन– ७३७१०१।	पूर्वी सिक्किमको ताथाङचेन ब्लक, ताथाङचेन इलाकामा अवस्थित, प्लट नम्बर ५/३१५/५३६ भएको ०.६८ एकड़ जमीन र त्यसमा निर्मित भवन; जुन स्वर्गीय टेम्पो ग्याम्त्सोका छोरा श्री साङ्गे तेन्जिङ नोर्बुको नाममा रहेको छ मिति १६/०१/२००० मा पारित गिफ्ट डीड नम्बर ४०३२८ बमोजिम, जुन सन् २००२ को लागि बुक नम्बर १, भोल नम्बर ३ र आइटम नम्बर २०२९ मा दर्ता गरिएको छ।	**ङ) २०.०५.२०२५** **च) रु. ४,९७,८८,४५७.०६/– + ब्याज ०१/०९/२०२६ मा लागु शुल्कहरू।** **छ) २८.०८.२०२५** **ज) प्रतीकात्मक**	**क) रु. २०,७०,९०,०००/–** **ख) रु. २,०७,०९,०००/– (२६/१०/२०२६)** **ग) रु. ५०,०००/–**	घ) २७.१०.२०२६ बिहान १०.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म	ङ) थाहा छैन
२.	**क) गान्तोक शाखा (४०६८)** **ख) श्री सन्तोष कुमार प्रसाद गुप्ता** ग) स्थान: एसबीआई एटीएम नजिक, बोजोघारी, गान्तोक, पूर्वी सिक्किम, जिल्ला – पूर्वी सिक्किम, पिन– ७३७१०३। र, श्रीमती मुन्नी देवी, स्थान: एसबीआई एटीएम नजिक, बोजोघारी, गान्तोक, पूर्वी सिक्किम, जिल्ला– पूर्वी सिक्किम, पिन–	**निम्नानुसार ब्यूटेड र सीमांकन गरिएको छ–** पूर्व: स्वर्गीय टेम्पो लेप्चाका छोरा टेम्पो ग्याम्त्सोको जमीन, पश्चिम: जे.एन. रोड, उत्तर: स्वर्गीय टेम्पो लेप्चाका छोरा टेम्पो ग्याम्त्सोको जमीन, दक्षिण: स्वर्गीय टेम्पो लेप्चाका छोरा टेम्पो ग्याम्त्सोको जमीन। १) भवनको भूइँ तल्लामा १२०० वर्ग फिटको एउटा र पहिलो तल्लामा अर्को १२०० वर्ग फिटको आवासीय फ्ल्याटको सबै टुक्रा वा अंश, जसको समानुपातिक, अविभाज्य हिस्सा ०.०१५९ हेक्टर जमीनमा श्रीमती मुन्नी देवी प्रसाद पति– श्री सन्तोष कुमार प्रसाद ऽ सन्तोष कुमार प्रसाद गुप्ता–को नाममा रहेको, बिक्री डीड नम्बर ३४३३१० मार्फत, बुक नम्बर १ भोल नम्बर १३, क्र. सं. २८९, खतियान नम्बर ८४८, खसरा नम्बर ८०३/१३२८ मिति ०२–०२–२०१९ मा दर्ता गरिएको छ, जुन पूर्वी जिल्ला गान्तोक, बोजोघारी ब्लक अन्तर्गत, पेनलोङ इलाका, सब डिभिजन गान्तोक, पूर्वी सिक्किमको रजिस्ट्रारको कार्यालयमा रेकर्ड गरिएको छ। **निम्नानुसार ब्यूटेड र सीमांकन गरिएको छ–** पू: जाङ्पो भुटिया। प: जाङ्पो भुटिया। उ: जाङ्पो भुटिया। द: जाङ्पो भुटिया।	**ङ) २३.११.२०२२** **च) रु. १,२३,०३,८६०.७९/– + थप ब्याज र अन्य शुल्कहरू (१३(२) माग सूचनामा उल्लेख अनुसार रकम)** **छ) २१.०४.२०२३** **ज) प्रतीकात्मक**	**क) रु. ७३,४४,०००/–** **ख) रु. ७,३४,४००/– (२६/१०/२०२६)** **ग) रु. २५,०००/–**	घ) २७.१०.२०२६ बिहान १०.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म	ङ) थाहा छैन

नियम र शर्तहरू: बिक्री सुरक्षा ब्याज (प्रवर्तन) नियम २००२ मा तोकिएका नियम र शर्तहरू र निम्न थप शर्तहरूको अधीनमा हुनेछ: १. सम्पत्तिहरू जहाँ छ जस्तो छ जहाँ छ, जस्तो छ जे छ, र जे छ त्यही छ त्यस्तै आधारमा बिक्री गरिने छ। २. माथिको अनुसूचीमा निर्दिष्ट सुरक्षित सम्पत्तिहरूको विवरण अधिकृत अधिकारीको जानकारी अनुसार उल्लेख गरिएको छ, तर अधिकृत अधिकारी यस घोषणामा कुनै पनि त्रुटि, गलत विवरण वा छुटको लागि उत्तरदायी हुनेछैन। ३. बिक्री २७.१०.२०२६ मा बिहान १०.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म वेबसाइट https://baanknet.in मा प्रदान गरिएको ई–लिलामी प्लेटफर्ममार्फत हस्ताक्षरकर्ताद्वारा गरिनेछ। ४. बिक्रीको विस्तृत नियम र शर्तहरूको लागि, कृपया https://baanknet.in र www.pnbindia.in हेर्नुहोस्।

मिति: ०६.१०.२०२६
स्थान: सिलगढ़ी

सही/–
अधिकृत अधिकारी, पञ्जाब नेशनल ब्याङ्क

सरफेसी ऐन, २००२ को नियम ८(६)/९(१) अन्तर्गत वैधानिक बिक्री सूचना

BIRLA TYRES
Himadri
शुभ महालया!
माँ दुर्गा आपको शक्ति, समृद्धि और
नई शुरुआत का आशीर्वाद दें।
www.birlatyre.com
Follow us:

Printed & Published by Sandip Kumar Choudhary on behalf of Darpan Times Private Limited, Printed at Darpan Times Private Limited, Telanipara, PO. Sahudangihat, NJP, Bhaktinagar, Opp. Goyal Ware House, Jalpaiguri, West Bengal - 735135 and published at Santa Bhawan Complex, Near Diesel Power House, Gangtok, East Sikkim; Editor Bidyasagar Chhetri. RNI, Regn No: SKNEP/25/A1362